# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मोः ९८५७८३६००६
वेबसाइटः www.mandavimun.gov.np
ईमेलः info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स. २०७७/०७८
च.न.

मिति २०७७/०६/२८

**सुरक्षित नागरिक आवास निर्माणको लागि लाभग्राहिहरुलाई दोश्रो पटक जारी सूचना ।**

सुरक्षित नागरिक आवास कार्यान्वयन( पहिलो शंशोधन) कार्यविधि २०७७ को दफा ११(ख) बमोजिम सुरक्षित नागरिक आवास समन्वय समिति प्यूठानको मिति २०७७/०५/२५ गते बसेको बैठकले सुरक्षित नागरिक आवास कार्यक्रमका लागि स्थानीय तहहरुबाट लाभग्राहीहरुको निवेदन संकलन गर्ने निर्णय भए बमोजिम, माण्डवी गाउँपालिका अन्तर्गत स्थायी बसोवास गर्ने, खरको छानो भएका, गरिवको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका सम्पूर्ण माण्डवी बासीलाई जस्तापाता, काठ लगायताका निर्माण सामाग्री खरिद गर्न अनुदान रकम उपलब्ध गराउने भएकाले तपशिलका कागजात संलग्न राखि दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १० दिन भित्र माण्डवी गाउँ कार्यपालिकाको कार्यालय जस्पुरमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि, घर जग्गाको तिरो तिरेको रसदिको प्रतिलिपि
- विगत देखि नै स्थायी बसोवास गर्दै आएका प्रमाण
- प्रकोपका कारण घरवारविहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशासन कार्यालयको सिफारिस
- स्थानीय तहले गरिवि परिचय पत्र वितरण गरेको भए सो को प्रतिलिपि
- लाभग्राही बस्दै आएको घर अनिवार्यरुपमा खर, पराल वा स्याउलाबाट छाएकाले मात्र निवेदन दिन सक्ने

**पुनश्च : थप जानकारिका लागि सुरक्षित नागरिक आवास कार्यक्रम (पहिलो संशोधन) कार्य विधि २०७७ हेर्नुहुन ।**

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत